# नेपाल सरकार

## रक्षा मन्त्रालय

## प्रेस विज्ञप्ति

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार काठमाडौं

आज मिति २०७३/१२/१६ गते माननीय रक्षा मन्त्री बालकृष्ण खाणसँग मित्रराष्ट्र भारतका Chief of the Army Staff Gen. Bipin Rawat, UYSM, AVSM, YSM, SM, VSM, ADC र वहाँका भ्रमण दलका उच्च अधिकारीहरुले शिष्टाचार भेटघाट गर्नु भयो । उक्त अवसरमा नेपालका लागि भारतका महामहिम राजदूत मञ्जिभ सिंह पुरी र नेपालका तर्फबाट रक्षा सचिव श्री श्रीधर सापकोटाको उपस्थिति थियो ।

उक्त भेटघाटको क्रममा भारतीय सेना र नेपाली सेनाकाबीचमा विगतदेखि कायम भईरहेको आपसी हीत तथा पारस्परिक मैत्रीपूर्ण सम्बन्धको बारेमा छलफल भएको थियो । विगतमा नेपाली सेनालाई दिंदै आएको सहयोग तथा शान्ति प्रयास, विकास निर्माण र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका बढाउन आफु सदैव ईच्छुक रहेको कुरा बताउदै संयुक्त राष्ट्र संघमा नेपाली सेनाको ईतिहास उच्च रहेकोमा प्रशंसा गर्दै भारतीय स्थल सेनाध्यक्षले भारतको चाहना नेपालमा शान्ति, स्थिरता र विकास रहेको बताउनु भयो ।

त्यसैगरी माननीय रक्षा मन्त्री बालकृष्ण खाणले सर्वप्रथम स्थल सेनाध्यक्षमा बिपिन रावत र महामहिम राजदूतमा मञ्जिभसिंह पुरी नियुक्त हुनुभई नेपालमा आउनु भएकोमा स्वागत गर्दै खुशी व्यक्त गर्नुभयो । यस प्रकारको द्विपक्षीय भेटले सामाजिक, साँस्कृतिक र धार्मिक समानता भएका दुई छिमेकी मुलुकबीचको सदियौदेखिको मित्रवत सम्बन्धलाई यस भ्रमणले थप प्रगाढता दिने विश्वास व्यक्त गर्नुभयो । माननीय खाणले हाम्रा सयकडौ नेपाली नागरिक भारतीय सेनामा संलग्न रहेको र भारतको खिलापमा हाम्रो भूमिमा कुनै गतिविधि हुन नदिने विश्वास दिलाउनु भयो । उहाँले दुबै देशका सैन्य अधिकृतहरुले एक अर्काको देशमा तालिम प्राप्त गरी संयुक्त राष्ट्रसंघको शान्ति प्रयासमा समेत सहकार्य गरेको कुरा व्यक्त गर्नुभयो ।

दिनाङ्क २०७३/१२/१६ बुधबार
सिंहदरबार, काठमाण्डौं ।

उत्तमप्रसाद नागिला
सह-सचिव
प्रवक्ता
रक्षा मन्त्रालय